कर्णाली प्रदेश सरकार
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोन :०८३-५२२५१४
ईमेल:moitfe@karnali.gov.np

प.सं.:- २०८०।०८१
च.नं.:-

# विश्व वातावरण दिवस (जुन ५) २०२४ को शुभकामना सन्देश

संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन थालिएको हो । यस वर्ष **"हाम्रो भुमि, हाम्रो भविष्य"** भन्ने राष्ट्रिय नाराका साथ विश्व वातावरण दिवस मनाइरहेका छौं । मानव जातिको महत्त्वाकाङ्क्षा बढ्दै जाँदा भएको प्रकृतिको निर्मम दोहनले विश्वव्यापी जलवायु परिवर्तन, जैविक विविधताको ह्रास साथै बढ्दो प्रदूषण आज चुनौती बनेको छ । यी चुनौतीबाट कर्णाली प्रदेश पनि अछुतो छैन । हाम्रो हिमाली भेग, उच्च पहाड, चुरे र तराईका फाँटहरूसम्म जलवायु परिवर्तनको प्रतिकूल प्रभाव परेको छ । यसले वातावरणीय क्षेत्रमा समेत नकारात्मक प्रभाव पारेको छ । यसका अलावा प्लाष्टिक पोलिमरको अव्यवस्थित र अवैज्ञानिक प्रयोगले सिर्जना गरेको प्लाष्टिकजन्य फोहोर वर्तमान समयको एक प्रमुख वातावरणीय चुनौती बन्न पुगेको छ। तसर्थ विश्व वातावरण दिवसको सान्दर्भिकता र महत्व हरेक वर्ष बढ्दै गएको छ ।

आजको दिनलाई हामी सबैले आफु वरिपरि रहेको वातावरणीय सरसफाइ गर्ने तथा जल, वायू जमिन वनस्पति, जीवजन्तु र मानवको आपसी सम्बन्धलाई जीवन्त बनाई नेपालको संविधानले प्रदत्त गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सार्थक बनाउनका लागि प्रण गर्ने दिनको रूपमा मैले लिएको छु । हाम्रा तिनै तहका सरकार, स्थानीय समुदाय, विकास साझेदार एवं सम्बद्ध सबैलाई हालसम्म गरेका प्रयासहरु र प्राप्त गरेका उपलब्धिहरुको लागि धन्यवाद दिइ पृथ्वीको रक्षा गर्ने महान लक्ष्यमा निरन्तर अघि बढ्न आव्हान गर्दैछु । कर्णाली प्रदेश सरकारले सञ्चालन गर्ने विकास निर्माण कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित असरलाई अनिवार्य रुपमा सम्वोधन गर्दै वातावरणमैत्री दिगो विकासको अवधारणालाइ आत्मसात गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।विश्वमा भैरहेको वातावरण विनाशको लागि हाम्रो योगदान नगण्य भएपनि वायु, जल र भूमि प्रदूषणबाट परिरहेको असरलाई कम गर्न नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा राखेका विषयहरू र गरेका प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्न आजको दिनले थप उत्साह प्रदान गर्ने विश्वास लिएको छु।

अन्तमा, विश्व वातावरण दिवस (जुन ५) २०२४ को अवसरमा कर्णालीबासी दिदीबहिनी तथा दाजुभाइहरू तथा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु। वातावरणको संरक्षण तथा सम्वर्द्धनको गहन अभिभारामा संलग्न सम्पूर्ण साझेदारहरुलाई धन्यवाद दिँदै वातावरण संरक्षणको साझा लक्ष्यमा अघि बढ्न प्रेरणा मिलोस् भन्ने शुभकामना दिन चाहन्छु ।

जय कर्णाली प्रदेश ।
२०८१ जेठ २३ गते बुधबार ।

०८१।०२।२३

माननीय मन्त्री दुर्ग बहादुर रावत
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश

मा. मन्त्री